जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २३८ पृष्ठः ४ | २०८२ पुस २९ मंगलबार (Tuesday 13 Jan. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# गोलबजारमा वडा अध्यक्षले नै गरे स्वास्थ्य चौकीमा तालाबन्दी

**राहुल राय**

सिरहा, २८ पुस। सिरहाको गोलबजार नगरपालिका १० का वडा अध्यक्ष आफैले आधाभुत स्वास्थ्य चौकीमा तालाबन्दी गरेका छन्। नियमित रुपमा स्वास्थ्यकर्मी उपस्थित नभएको भन्दै वडाध्यक्ष उपेन्द्र मुखियाले स्वास्थ्य चौकीमा तालाबन्दी गरेका हुन्। स्वास्थ्यजस्तो अत्यन्त संवेदनशील सेवामा नियमित जनशक्ति उपस्थित नभएको जानकारी गराउँदासमेत सम्बन्धित निकायले बेवास्ता गरेको भन्दै बाध्यभएर मैले तालाबन्दी गर्नुपरेको वडाध्यक्ष मुखियाले बताए।




वडा कार्यालयसँगै रहेको आधारभुत स्वास्थ्य चौकीमा दुइजना स्वास्थयकर्मी छन्, उहाँहरु पनि सेवा दिनुको साटो विभिन्न बहानामा उपस्थित नहुने र सेवाग्राही सेवाबाट बन्चित हुने गरेको बताए। वडा कार्यालय र स्वास्थ्य चौकी सँगै छ। चैकीमा स्वास्थ्यकर्मी नभटीएपछि मलाई नै गुनासो गर्न आउँहुनुहुन्छ। मैले सोधी खोजी गर्दा कहिले फिल्डमा, कहिले काजमा त कहिले विदामा बस्ने जस्ता वाहानाले आजित भएपछि बाध्य भएर ताला नै लाउने पर्यो।' वडा अध्यक्ष मुखियाले भने। उनले थपे, कामै नहुने भएपछि कार्यालय खुल्ला रहनुको के अर्थ हुन्छ र? बरु बन्दै होस्।'

उनले स्वास्थ्यकर्मी व्यवस्थापनका लागि पटक-पटक मेयर श्याम श्रेष्ठ र स्वास्थ्य शाखालाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको गुनासो गरे। नियमित स्वास्थ्य चौकी सञ्चालन नहुँदा स्थानीय सेवाग्राही उपचारबाट वञ्चित हुँदै आएका छन्। स्थानीयलेसमेत शीघ्र स्वास्थ्यकर्मीको व्यवस्था गरी स्वास्थ्य चौकी नियमित सञ्चालन गर्न नगरपालिकासँग माँग गरेका छन्।

यता गोलबजार स्वास्थ्य शाखा प्रमुख सरोज कुमार कर्णले स्वास्थ्यकर्मी अभावका कारण त्यहाँ प्रयाप्त जनशक्ति पठाउन नसकिएको बताए। उनले त्यहाँ अहिले इन्द्रजित कुमार साह र संगीता ठाकुर कार्यरत रहेपनि इन्द्रजित

-बाँकी तीन पेजमा

# बक्यौता उठाउन गएका प्रतिनिधीलाई धाकधम्कीको आरोप

सिरहा, २८ पुस। कुखुराको दाना खरिदबापत लामो समयदेखि बाँकी रहेको रकम उठाउन गएका वेस्टर्न फिड प्रा.लि. जिल्ला कैलालि गेटा ८, धनगढीका प्रतिनिधीलाई व्यवसायीले धाकधम्की दिएको आरोप लागेको छ। वेस्टर्न फिडका प्रतिनिधिका अनुसार सिरहाको विष्णुपुर गाउँपालिका ५, लक्ष्मीपुरका कृष्णप्रसाद यादवले बक्यौता रकम माग्न जाँदा गालीगलौज र धम्की दिएका हुन्। यादवले लामो समयदेखि कुखुराको दाना खरिद गरे वापत भुक्तानी नगरेको प्रतिनिधिको भनाइ छ।

कम्पनिका प्रतिनिधिका अनुसार, उद्योगको तर्फबाट पटक-पटक समय दिइए पनि रकम नतिरेको र पछिल्लो पटक २०८१ मंसिर ८ गते खातामा रकम नभएको चेक दिएको बताए। उक्त चेक हालसम्म पनि भुक्तानी नभएको उनको दाबी छ। रकम माग्न जाँदा उल्टै अपमान र धाकधम्की सहनुपर्‍यो। उद्योगको करिब चार लाख रुपैयाँ उठाउन निकै कठिन भएको बताए। कम्पनीका प्रतिनिधीले भने,रकम असुल हुन नसकेपछि उद्योगले प्रहरी प्रशासनलाई जानकारी गराए पनि स्थानीय तहबाट अपेक्षित सहयोग नपाएको उनको गुनासो छ।

यता आरोपित कृष्णप्रसाद यादवले भने आफूले कुनै किसिमको धाकधम्की नदिएको दाबी गरेका छन्। मैले कसैलाई धम्क्याएको छैन। मेरो आफन्तकहाँ गएर बदनाम गर्ने अधिकार कसैलाई छैन। मैले त्यति मात्र भनेको हुँ, स्पष्ट पारे। साथै उनले आफूले तिर्न बाँकी रकम चाँडै भुक्तानी गर्ने प्रतिबद्धता जनाएका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका प्रमुख अन्तराम शर्माले चेक अनादर सम्बन्धि धैरै मुद्दा रहेकाले कारण कृष्ण प्रसाद यादबको विषयमा के कहाँ अनुसन्धान पुगेको छ भन्ने विषयमा मुदद्द हेरेर मात्र केहि भन्न सकिने बताए।

## समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन

- सबैको समान अधिकार सुनिश्चित गर्दै शिक्षा, स्वास्थ्य, रोजगारी र सेवासुविधामा पहुँच बढाऔं।
- भौतिक संरचना, यातायात र सार्वजनिक स्थानहरू अपाङ्गतामैत्री बनाऔं।
- सूचना र प्रविधि सबैका लागि पहुँचयोग्य बनाऔं।
- समाजमा विद्यमान विभेद अन्त्य गर्न सचेतना अभिवृद्धि गरौं।
- अवसर र क्षमताका आधारमा अपाङ्गता भएका व्यक्तिको सहभागिता सुनिश्चित गरौं।
- सुरक्षा, सम्मान र आत्मविश्वास बढाउने कार्यक्रम सञ्चालन गरौं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई विशेष प्राथमिकता दिऔं।
- परिवार, समुदाय र सहकार्यमार्फत समावेशी समाज निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनता आवास कार्यक्रमको बेथिति : भएका घर भत्काइए, नयाँ अलपत्र

**शम्भु यादव**

सिरहा, २८ पुस। देखियौं त ! घर केहन कमजोर बनाबै है, सरकारो दलित गरिबके हेपै है नाई,' बस्तीमा पुग्दा लहान नगरपालिका-१७ बलासेर सदाय टोलका मिश्री सदायको गुनासो थियो। अर्थात् उनको गुनासो थियो, देख्नुभयो त, घर कस्तो कमजोर बनाउँदै छन्। सरकारले पनि दलित गरिबलाई हेप्दै छ। कसरी यस्तोमा बस्ने ?'

बलासेरमा ३६ घर सदाय समुदायका छन्। जनता आवास



कार्यक्रम अन्तर्गत मधेस प्रदेश सरकारले सात जनाको घर बनाइदिने भन्यो। त्यसैकारण, बिल्टुन सदाय, देवकुमार सदाय, रूपलाल सदाय, लछनु सदाय, देवु सदाय र चेतु पासमानले भएको आफ्नो घर पनि भत्काए। तर, तीन वर्ष बित्दा पनि उनीहरूका घर पूर्णरूपमा बन्न सकेनन्। कसैको घर कुर्सी लेभल (पिलिन्थ लेभल) सम्म बनेका छन् त कसैका घरमा जस्तापाताले छाइसके पनि झ्याल, ढोका बनिसकेका छैनन्।

नयाँ घर पाउने आसमा भएको घर पनि भत्काएँ,' मिश्रीले भने, न घर बन्यो, न बस्ने ठाउँ छ।' हाल मधेसमा शीतलहर चलेको छ। आरामले रात बिताउनै समस्या भएको मिश्रीले गुनासो गरे। सरकारलाई यो व्यथा सुनाउन कहाँ जानु ?,' उनले भने, घर बनाउन हामीसँग पैसा छैन। छोराछोरीले दु : ख पाइरहेका छन्। तीन वर्षदेखि यस्तै समस्यामा छौं।' उनले भत्काएर कुर्सी लेभलसम्म बनाएको ठाउँमा फुसको टहरा बनाएका छन्।

यो बस्तीसहित यस वडामा १२ जनाका घर बनाइदिने प्रदेश सरकारले घोषणा गरेको थियो। जसमध्ये दुईवटाको मात्रै जस्तापाताको छानो लागिसकेको छ। दुईवटामा जस्तापाता लगाउन बाँकी र आठवटामा कुर्सीसम्म मात्रै

-बाँकी तीन पेजमा




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

## सम्पादकीय

# खाद्य मापदण्डको अनुगमनमा हेलचेक्र्याइँ

राजनीतिक सङ्क्रमणको बेलामा प्रायः कानुन मिच्नेहरूको बोलवाला हुने गर्छ । नियामक निकायहरू सुस्ताउने र देखेको नदेख्यै गर्न अभ्यस्त छन् भने कानुन मिचेर व्यक्तिगत फाइदा लिनेहरू सक्रिय हुन्छन् । अहिले नेपालमा यस्तो प्रवृत्ति अपेक्षाकृत धेरै नै बढ्दै गएको देखिएको छ । हुन त, कानुन पालना गराउनेहरू यस्तो प्रवृत्ति रोक्न सधैं नै चनाखो हुनुपर्ने हो । त्यसमा पनि जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा कानुनले तोकेको मापदण्डको पालना गराउन आलटाल गर्नै हुँदैनथ्यो । तर, यसै पनि कमजोर नियमन अहिले झन् कमजोर भएको छ । दिनहुँजसो समाचार आउँछ उपत्यकामा बेचिने हरिया सागपात विषादीका कारण मानव उपभोग योग्य नभएका समाचार दिनहुँजसो सार्वजनिक हुनेगरेका छन् । कानुन नभएर वा कार्यान्वयनकर्ता निकायको अभावले यसरी जनस्वास्थ्यका विषयमा राज्य उदासीन रहेको भने होइन । यसैले नियामकहरूको उदासीनता बढी नै रहस्यमय देखिन्छ ।

उदाहरणका लागि मासु जाँच तथा वधशाला ऐन, २०५५ सालमै जारी भएको भए पनि अहिलेसम्म कार्यान्वयनका लागि राज्य गम्भीर र अग्रसर भएको देखिएको छैन । संघीय राजधानी रहेको काठमाडौं उपत्यकामा नै स्वास्थ्य मापदण्ड पूरा नगरेका हजारौं पसल सञ्चालनमा छन् । विश्व स्वास्थ्य संगठनका अनुसार रोग पशुबाट मानिसमा सर्ने रोग बर्सेनि बढ्दै गएको छ । मानिसमा लाग्ने ६५ प्रतिशतभन्दा बढी रोग पशुपंक्षीबाट सर्ने प्रकृति हुन्छन् । यसैले पशु स्वस्थ नभएको वा मासु, दूधजस्ता पशुजन्य खाद्य पदार्थको उत्पादन स्वच्छरूपमा नभएको अवस्थामा मानव स्वास्थ्य पनि सुरक्षित रहन सक्दैन । जनस्वास्थ्यसँग यसरी जोडिएको भए पनि मासु, दूधजस्ता पशुजन्य खाद्य पदार्थको स्वच्छता परीक्षण र नियमनमा भने राज्यको कुनै पनि तहका सरकारले गम्भीर ध्यान दिएको देखिँदैन । यद्यपि, मासु पसलहरूमा कानुनले तोकेको मापदण्ड पालना गराउने काम तीनै तहका सरकारहरूको अधिकार क्षेत्रभित्र पर्छ ।

ऐनले खानका लागि मारिने जिउँदो पशुको स्वास्थ्यदेखि वध गरिपछि मासुको परीक्षण तथा शीतभण्डारमा भण्डारण गरिनुपर्नेसम्मका विधि र प्रक्रियाको व्यवस्था गरेको छ । तर न त नियामक निकायले मासु पसलहरूको अनुगमन गरेको हुन्छ न बजार स्वयंले स्वस्थ्य मासु वितरणको प्रयास गरेको देखिन्छ । चिसोमा राखेको अर्थात् फ्रोजन' मासु स्वास्थ्यका लागि उत्तम हुने मानिए ,पनि नेपालीहरू ताजा मासु नै खोज्ने गर्छन् । यही कमजोरीको फाइदा उठाएर मासु पसलेहरूले उपभोक्तालाई अस्वस्थ मासु पनि बेच्छन् । यस्तो अस्वस्थ बानी बदल्न उपभोक्तालाई उत्प्रेरितमात्र होइन बाध्य बनाउने जिम्मेवारी भने नियामक निकायकै हो ।

जनस्वास्थ्यमा प्रत्यक्ष सम्बन्ध राख्ने यस्ता विषयमा नियामक निकायहरू कहिल्यै सुस्त हुनु हुँदैन । पर्याप्त जनशक्ति नभए त्यसको व्यवस्था गर्न राज्यले प्राथमिकता दिनुपर्छ भने मापदण्ड पालना गराउन गुणस्तरमा सम्झौता गरिनु हुँदैन । राजनीतिक सङ्क्रमण टुंगिन समय लाग्ला तर जनस्वास्थ्यका हकमा त पर्खिन पनि सकिँदैन । यसैले खाद्य पदार्थहरूको गुणस्तरको मापदण्ड पालना गराउन स्थानीय तहहरू नै बढी सक्रिय र चनाखो बनून् !

# कांग्रेस, जेन–जी र गगन विश्वप्रकाश



**मनोज कँडेल**

राजनीतिमा कसैको नाम लिएर बोल्नु जोखिमको काम हो । समर्थन गर्दा चाकडीको आरोप लाग्छ भने विरोध गर्दा पूर्वाग्रहको । तर इतिहासले हामीलाई के सिकाउँछ भने न्याय र अन्यायबीचको युद्धमा मौन बस्नु पनि अपराध हो ।

**बीपी कोइरालाले भन्ने गर्नुहुन्थ्यो – "लोकतन्त्र केवल शासन**

प्रणाली मात्र होइन, यो निरन्तर चेतनाको अभ्यास हो।" चेतना भनेको बोल्नु हो, प्रश्न गर्नु हो, जोखिम लिनु हो । आज नेपाली राजनीतिमा त्यही चेतनाको परीक्षा भइरहेको छ, त्यो पनि एकमात्र पुरानो प्रजातान्त्रिक पार्टी नेपाली कांग्रेसभित्र । आज कांग्रेस कुनै सामान्य आन्तरिक विवादमा छैन । ऊ इतिहासको एक निर्णायक मोडमा उभिएको छ, सुध्रिने कि सकिने, बदलिने कि जडतामा बिलाउने ? यो बहस कांग्रेसको मात्र होइन । यो त नेपालको लोकतान्त्रिक भविष्यको पनि हो । यसकारण पनि यसको महत्त्व छ । किनभने नेपाली कांग्रेस एउटा सामान्य राजनीतिक पार्टी होइन । यो नेपालमा लोकतन्त्रको पहिलो ठूलो राजनीतिक संरचना हो । यसको पतन भनेको देशको लोकतान्त्रिक स्मृतिको पतन हो र यसको पुनर्जागरण देशको आशाको पुनर्जागरणको आरम्भ हो ।

यो ऐतिहासिक मोडमा दुई पात्रहरू अगाडि आएका छन्, गगन थापा र विश्वप्रकाश शर्मा । उनीहरू न त देवता हुन् न त त्रुटिहीन अवतार । तर उनीहरू समयले उठाएको गम्भीर प्रश्नहरु बोकेर हिंडेका नेता हुन् । उनीहरू पदका लागि होइन परिवर्तनका लागि उभिएका पात्र हुन् । यही कारण पनी आज उनीहरूको समर्थन गर्नु कुनै व्यक्तिगत मोह नभएर प्रजातन्त्रमा विश्वास गर्ने कांग्रेसजनको ऐतिहासिक दायित्व हो ।

**बीपी कोइरालाको आत्मा र आजको कांग्रेस**

बीपी कोइराला कांग्रेसका संस्थापकमात्र नभएर नेपाली लोकतन्त्रको नैतिक शिखर हुन् । उनले राजनीतिलाई सत्ताको खेल होइन नैतिक संघर्षका रूपमा बुझ्थे र यही भावभूमिमा उभिन्थे । उनले पार्टीभित्र पनि निरन्तर बहस, असहमति र आन्तरिक लोकतन्त्रलाई विरोध होइन प्रजातान्त्रिक मूल्य ठान्थे । बीपीले भनेका थिए, "पार्टीभित्र प्रश्न गर्ने अधिकार सकियो भने त्यो पार्टी लोकतान्त्रिक रहँदैन ।" आजको कांग्रेसमा के भइरहेको छ एक चोटी मनन गरौं । प्रश्न गर्नेहरूलाई हतोत्साहित गरिँदैछ । विशेष महाधिवेशन माग गर्नेहरूलाई पार्टी फुटाउने व्यक्ति ठहराइँदैछ । अनि समयले मागेको यो युवा आवाजलाई होस नभएको जोसमात्र' भनेर खिसिट्युरी गरिँदैछ । यस्तो विचार बीपीको कांग्रेसजनको हुन सक्दैन । यो त नेतातन्त्रमा फसेको, प्रक्रियाभन्दा पदलाई ठूलो ठान्ने, यथास्थितिवादी संरचनाको घोतक हो ।

**जेनजी आन्दोलन सडकबाट उठेको राजनीतिक चेतना**

गत भदौ २३ गते देशभर जे भयो त्यो विरोध प्रदर्शनमात्र थिएन । त्यो एउटा पुस्ताको विस्फोट थियो—उपेक्षाविरुद्ध, अवसरहीनताविरुद्ध, जड राजनीतिविरुद्ध । माइतीघरदेखि बानेश्वरसम्म देखिएको त्यो सागर सामाजिक सञ्जालको भ्रम थिएन, त्यो देशभरका गाउँसहरमा गुञ्जिएको पीडा थियो जुन उचित समय कुरेर बसेको थियो उजागार हुनको लागि । तर काँग्रेसको परम्परागत नेतृत्वले त्यो सागरलाई षड्यन्त्र, अराजकता, अराजनीतिक गतिविधि देख्यो । अझ विदेशी चलखेलको रूपमा बुझ्यो । नेकपा (एमाले)ले त प्रस्टै भन्यो—जेन–जी गलत हो । माओवादी त आफैं तितरबितर भयो । कांग्रेस द्विविधामा फस्यो, सुनौ कि ? आन्दोलनले उठाएको प्रश्नको उचित सम्मान गरौ र पार्टीमा प्रवेश गराऊँ ।

गगन र विश्वप्रकाशले जेन–जीलाई सुन्ने, बुझ्ने र आत्मसात् गर्ने साहस देखाए । उनीहरूले त्यसलाई युवाको असन्तोष होइन राजनीतिक प्रणालीको असफलता होइन, सत्ता र स्वार्थमा चुर्लुम्म डुबेका नेताहरूको सिन्डिकेटप्रतिको वितृष्णाको संकेत ठाने । यहींबाट प्रस्ट हुन्छ, उनीहरू पुरानो राजनीतिभन्दा नयाँ चेतनाको समयसँग नजिक छन् ।

**विशेष महाधिवेशन सत्ता होइन वैधताको प्रश्न**

कांग्रेस नेतृत्व भन्छ, अहिले विशेष महाधिवेशन गर्दा पार्टी कमजोर हुन्छ । तर सत्य के हो भने विशेष महाधिवेशन नगर्दा पार्टी अझ कमजोर बन्छ । किनभने लोकतन्त्रको शक्ति प्रक्रियामा, विधानमा, कार्यकर्ताको भावनामा हुन्छ, कुनै पद तथा कुर्सीमा होइन । सरकार जनमतले टिक्छ । पार्टी पनि कार्यकर्ताको जनमतले टिक्छ । कार्यकर्ता असन्तुष्ट हुँदा चुप बस्नुपर्छ, उनीहरूलाई नै गाली गरी उनीहरुको भावनालाई चोट पुऱ्याउने सोच लोकतान्त्रिक होइन, सामन्ती हो ।बीपीले भनेका थिए, "पार्टीभित्र बहस रोकिनु भनेको पार्टीको मृत्यु सुरु हुनु हो ।" आज कांग्रेसभित्र बहस रोक्न खोजिँदैछ । विशेष महाधिवेशन माग्नेहरूलाई चुप लगाउन खोजिँदैछ । यही सन्दर्भमा गगन–विश्वप्रकाशहरू उभिएका छन्, लोकतान्त्रिक प्रक्रिया, विधि र वैधताको पक्षमा ।

**गगन–विश्वप्रकाश कुर्सी होइन, मूल्य हुन्**

आजको राजनीतिमा एउटा भ्रम फैलाइएको छ, राजनीति भनेको सत्ता हो । पद नपाए राजनीति असफल । तर गगन र विश्वप्रकाशको यात्राले यो भ्रम तोड्छ । उनीहरू तरबारको धारमा उभिएर आफ्नो पद प्रतिष्ठालाई दाउमा राखेर नयाँ कांग्रेस बनाउन जुटिरहेका छन् ।

उनीहरू चाहन्थे भने आजै सत्ताको केन्द्रमा हुन सक्थे । सम्झौता गरेर, मौन बसेर, यथास्थितिमा रमाएर बस्न सक्थे । तर उनीहरूले जोखिम रोजे । किनकि उनीहरूको निष्ठा कुर्सीसँग होइन, मूल्यसँग छ । उनीहरूको चाहना आफ्नो विकास होइन देशको भविष्य र प्रगतिसँग जोडिएको छ ।

**इतिहासले कसलाई सम्झन्छ**

इतिहास सधैं सत्तामा पुगेकाहरूलाई मात्र सम्झँदैन । उसले प्रश्न गर्नेहरूलाई झन् धेरै सम्झन्छ, जोखिम लिनेहरूलाई त इतिहासले नायकको रूपमा सम्झन्छ । अनि अन्धकारमा उज्यालो बाल्नेहरूलाई सम्झन्छ । आज गगन थापा र विश्वप्रकाश शर्मा कांग्रेसभित्र त्यही उज्यालो बालिरहेका छन् । त्यो उज्यालो कांग्रेसका लागि मात्र होइन नेपाली लोकतन्त्रका लागि हो । नेपाली एकमात्र पुरानो प्रजातान्त्रिक पार्टीलाई बदलिएको हेर्न चाहन्छन् ।

त्यसैले आज उनीहरूको पक्षमा उभिनु कुनै व्यक्तिपूजा होइन—यो बीपीको आत्माको पक्षमा उभिनु हो । यो जेन–जीको आवाजको पक्षमा उभिनु हो । यो नेपालको भविष्यको पक्षमा उभिनु हो । गगन विश्वप्रकाशहरू, अगाडि बढ्नुस् । भविष्यले तपाईंहरूलाई पर्खिरहेको छ । बाह्रखरी

# मधेस सरकारको गति सुस्त, बजेट कार्यान्वयन चुनौतीपूर्ण

जनकपुर, २८ पुस । मधेस प्रदेशमा नयाँ सरकार गठन भएको डेढ महिना पुग्न लागेको छ । नयाँ सरकारका काम–कारबाहीको मूल्यांकन गर्ने समय भइनसके पनि सरकार परिवर्तनका शृंखलाले चालु आर्थिक वर्षको बजेट कार्यान्वयनमा चुनौती थपिएको छ । तत्कालीन मुख्यमन्त्री सरोज यादव नेतृत्वको सरकार ढालेर ६ दलको समर्थनमा मंसिर १९ गते नेपाली कांग्रेसका कृष्णप्रसाद यादवको नेतृत्वमा मधेस सरकार गठन भएको हो । प्रदेश सरकारले अहिलेसम्म पनि जनताले अनुभूत गर्नसक्ने गरी कुनै उल्लेखनीय काम गर्न नसकेको गुनासो राजनीतिक वृत्तबाट आउन थालेको छ ।



चालु आर्थिक वर्षको लगभग ७ महिना पूरा हुन लाग्दासमेत पुँजीगत खर्च ३ प्रतिशत पनि पुग्न सकेको छैन । जेनजी मुभमेन्ट र सरकार फेरबदलको कारण प्रदेश सरकारको बजेट खर्च प्रभावित भएको हो । यद्यपि, नयाँ सरकार गठनपछि प्रदेश प्रशासन चलायमान हुने र विकास योजनाले गति लिने अपेक्षा थियो । अहिलेसम्म सरकारले यस दिशामा ध्यान नदिएको विपक्षी दलहरू बताउँछन् । पूर्वमुख्यमन्त्रीहरू वर्तमान सरकार गतिहीन देखिएको बताउँछन् । मन्त्रालयहरूबिच समन्वय नदेखिएको, निर्णय प्रक्रियामा ढिलासुस्ती हुनका साथै प्राथमिकताबारे सरकार स्वयं अलमलमा परेको उनीहरूको तर्क छ ।

सरकार कछुवा गतिमा हिँडेको पूर्वमुख्यमन्त्री सतिश सिंहको विश्लेषण छ । उनका अनुसार ठूलो गठबन्धनको सरकारले मन्त्रिपरिषदलाई पूर्णता दिनसमेत लामो समय आलटाल गर्दा विकास निर्माणका कामले गति लिन सकेको छैन । सरकार चलिरहेको जस्तो देखिए पनि कामको गति कछुवाजस्तै छ,' उनले भने । पूर्वमुख्यमन्त्री सिंहका अनुसार ४० दिनमा देखिनुपर्ने नीतिगत निर्णय, कार्ययोजना र सुधारका सङ्केत कतै देखिएको छैन । अर्का पूर्वमुख्यमन्त्री सरोज यादवले पनि सरकारको कार्यशैली प्रति असन्तुष्टि पोखेका छन् । उनका अनुसार यो

–बाँकी तीन पेजमा

## माईग्रेसन हराएको सूचना

यही मिति २०८२ मंसिर २० गतेका दिन सुखिपुर बाट लहान जाने क्रममा मेरो निम्न व्होरा भएको +२ को माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निवदेकलाई उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गर्दछौं ।

**नाम : प्रियंका कुमारी राय**
**ठेगाना : सुखिपुर–४, सिरहा**
**रा.प.बोर्ड रजिष्ट्रशन नं.: ८०१०५०४८०५४९**
**मोबाईल नं. : ९८१५९६६८४०**

# चिसोको मारमा मूर्तिकार



जनकपुरधाम, २८ पुस। धनुषासहित तराई मधेशका जिल्लामा यतिबेला बिहानैदेखि मूर्तिकारको आँगन र गल्लीमा माटो मुछ्ने, ढाल्ने र आकार दिने चहलपहल देखिन्छ। हातमा चिसो माटो, मनमा सरस्वती पूजाको आशा बोकेर मूर्तिकार परम्परागत सिपमा जुटिरहेका छन्। पुस्तौँदेखि चल्दै आएको यही पेसाबाट उनीहरूको गुजारा चल्दै आएको छ तर यसपालि तराई मधेशमा अत्यधिक चिसो र शीतलहरले मूर्ति सुकाउन कठिन भएको मूर्तिकारको भनाइ छ।

सामान्यतय दुई/चार दिनमै सुक्ने मूर्ति हप्ता दिनसम्म पनि नसुक्दा काम ढिलो भइरहेको छ। चिसो मौसमले माटो अझ चिसो बनाउँदा हातले काम गर्न झनै गाह्रो भएको गुनासो मूर्तिकारले गर्दै आएका छन्। मधेशमा वर्षभरि सरस्वती पूजा, लक्ष्मीपूजा, दुर्गापूजा, गणेश चतुर्थी, कृष्ण जन्माष्टमी, विश्वकर्मा पूजालगायतका पर्वमा भगवान्का प्रतिमा बनाउने चहलपहल बढ्ने गर्छ तर यसपालि पुसको सुरुवाती दिनदेखि नै राम्ररी घाम नलाग्दा र चिसो अत्यधिक बढ्दा मूर्ति बनाउन असहज भएको मूर्तिकार बताउँछन्।

सरस्वती पूजाको चहलपहल नजिकिँदै जाँदा समयसँगै दौडिनुपर्ने बाध्यता र मौसमको मारले मूर्तिकारको दैनिकी झन् संघर्षपूर्ण बनेको धनुषाका मूर्तिकार पन्चा पण्डित बताउनुहुन्छ। उहाँका अनुसार यसपालि अत्यधिक चिसोका कारण माटो र पानीसँग काम गर्न निकै कठिन भइरहेको छ। उनले भने, "जाडो धेरै बढेकाले हातखुट्टा सुन्निने, औँलाले राम्ररी काम गर्न नसक्ने जस्ता समस्या छन्। त्यसमाथि बनाएको मूर्ति समयमा सुक्दैन। घाम नलाग्दा मेसिनको सहारा लिनु पर्छ, जसले खर्च पनि बढाउँछ र मेहनत पनि दोब्बर लाग्छ।" पुसको पहिलो साताभन्दा बढी समयदेखि मधेशमा राम्ररी घाम लागेको छैन। घाम नलाग्दा माटो सुक्दैन, मूर्ति चिसिन्छ, रङ बस्दैन।

धनुषाका मूर्तिकार उत्तमलाल पण्डित माटो सम्याउँदै भन्नुहुन्छ, "बाउबाजेको पालादेखि यही काम गर्दै आएका हौँ। पहिले घाम राम्रो लाग्थ्यो, चार/पाँच दिनमै मूर्ति तयार हुन्थ्यो। अहिले पाँच/सात दिन लाग्छ।" उहाँको कार्यशालामा अहिले करिब ३० वटा प्रतिमा तयार छन् तर उहाँको अनुहारमा सन्तोषभन्दा बढी चिन्ता देखिन्छ। उहाँ भन्नुहुन्छ, "यदि घाम लागेको भए, यो संख्या दोब्बर हुन सक्थ्यो।"

यस्तै नगराइन नगरपालिका–३ का मोतीलाल पण्डितका लागि पनि यो मौसम परीक्षा बनेको छ। चिसो माटोले हात सुनिन्छ, काम गर्दा शरीर काँप्छ। उहाँ भन्नुहुन्छ, "अनुकूल मौसममा पाँच दिनमा एउटा मूर्ति बनाइन्थ्यो। अहिले सातदेखि १० दिन लाग्छ। समय पनि बढी, मेहनत पनि बढी, खर्च पनि बढी।" उहाँले तयार पारेका मूर्तिमध्ये केही ६४ हजार रुपियाँसम्मका छन् तर बिक्रीभन्दा पहिले नै मौसमसँगको लडाइँ चलिरहेको छ।

अर्का मूर्तिकार शिवजी पण्डित भन्नुहुन्छ, "चिसोमा चिसो काम गर्नु पर्छ, हात दुख्छ, ढाड दुख्छ, कहिलेकाहीँ ज्वरो पनि आउँछ। स्वास्थ्य बिग्रिएला कि भन्ने डर लाग्छ तर काम नगरी बस्ने विकल्प पनि छैन।" सरस्वती पूजाको समय नजिकिँदै गर्दा विद्यालय, कलेज र टोल टोलमा पूजा गर्ने तयारी भइरहेको छ तर यहाँ मूर्तिकार माटो नसुकेको प्रतिमातर्फ हेर्दै आकाशतिर आँखा उठाउँछन्, घाम कहिले लाग्ला ?

## जनता आवास...

निर्माण भएको छ। दुई कोठाको घर भनेको छ। बजेट भन्छ थोरै छ यति कम पैसामा कस्तो घर बन्छ ? हामीलाई गरिब दलित भनेर राम्रो घर बनाउने बजेट नै सरकारले दिँदैन। हेप्छ,' सोही ठाउँका चन्देश्वर सदायले भने, सरकारले अरू ठाउँमा बनाउने सार्वजनिक घरहरूका लागि करोडौं बजेट दिन्छ। हाम्रा लागि नाममात्रको दिन्छ। थोरै पैसामा बनेको कसरी सुरक्षित हुन्छ। वर्षा, हावाहुरी र भूकम्पकै डरले झन् सताउँछ।' घर बनाउँदा स्तरीय निर्माण गर्नुपर्ने उनको माग छ।

बनेका र अधुरा रहेका घरहरू हेर्दा पिलरको लागि एउटा मात्रै रड राखिएका छन। इँटा पनि १ नम्बरको प्रयोग गरिएका छैनन्। घरमा प्लास्टर पनि गरिएका छैनन्। प्रदेश सरकारको २०७९/०८० मा बजेटमा जनता आवास कार्यक्रमका लागि रकम छुट्ट्याइएको थियो। २०८० फागुनदेखि घर निर्माण सुरु गरिएको हो। स्थानीय कपलेश्वर यादवले भने, एकैपटक सबै घर भत्काएर काम सुरु गर्‍यो। तर कुनै पनि पूरा हुन सकेका छैनन्। सरकारले बजेट थप गरेर पूरा गरिदिनुपर्छ।' यादव जनता समाजवादी पार्टी (जसपा) का स्थानीय नेता हुन्। जसपाकै मधेस प्रदेशसभा सदस्य ललिता दाससँग समन्वय गरेर उनले दलित समुदायका लागि घर बनाइदिने कार्यक्रम पारेका हुन्। भौतिक पूर्वाधार कार्यालय सिरहाले घर बनाउन लछ्नु सदायको अध्यक्षतामा उपभोक्ता समिति गठन गरेको थियो।

कार्यालयका अनुसार खाता सञ्चालनमा उपभोक्ता समिति अध्यक्ष र कार्यालयको प्राविधिक हुन्छन्। प्राविधिकको मूल्यांकन अनुसार मात्रै भुक्तानी दिइएको छ। यहाँ घर बनाउने ठेकेदार राजिन्द्र साह थिए। बजेट कति खर्च भयो ? कति आएको थियो ? कति बाँकी छ ? अब घर बन्छ कि बन्दैनन ?' भनेर आफूहरूलाई केही जानकारी नभएको स्थानीय सदाय समुदायहरूले सुनाए। दलितलाई विभेद गरेर घर बनाउन बजेट नै थोरै छुट्ट्याउने गरेको प्रदेशसभा सदस्य दासको भनाइ छ। यहाँ कमिसन आउने ठाउँ, उच्च जाति र समुदायको नाउँमा सामुदायिक भवन, पार्क बनाउन करोडौं रुपैयाँ विनियोजन गरेको देखिन्छ तर, दलितलाई पर्याप्त बजेट दिँदैनन्,' उनले भनिन्, मैले यस विषयमा पटकपटक संसद्मा आवाज उठाएकी छु। तर पनि सरकार र ठूला नेताहरूले ध्यान नै दिँदैनन्। दलितहरू अझै गरिबीमै रहुन् भनेर सोच देखिन्छ।' अधुरा रहेका घरहरूका लागि बजेट माग गरेको उनले बताइन्।

पूर्वाधार विकास कार्यालय सिरहा अनुसार एउटा घरबराबर ३ लाख ३६ हजार रुपैयाँ बजेट आउने गरेको छ। १० प्रतिशत श्रमदानसहित ३ लाख ७३ हजारको इस्टिमेट' बनाइएको छ। सोहीअनुसार घर निर्माण हुन्छन्। आर्थिक वर्ष २०७९/०८० मा ५० लाख बजेट आएको थियो। त्यसपछि आएन। यस आर्थिक वर्ष २०८२/०८३ मा जिल्लाभरिका लागि ३ करोड ४० लाख बजेट आएको छ। पहिले नै काम भएकाहरूको डकुमेन्ट माग गरेका छौं। प्राविधिक मूल्यांकन हुँदैछ सोहीअनुसार भुक्तानी दिन्छौं,' कार्यालय प्रमुख रामदेव खर्गाले भने, अधुरा रहेको पूरा गर्छौं। नयाँ सम्झौता गर्दैनौं।' सबै घरहरू पूरा गर्न १०/१२ करोड बजेट आवश्यक रहेको उनले सुनाए।

## मधेस सरकारको ...

सरकारबाट केही अपेक्षा गर्न सकिने अवस्था छैन। यो सरकार भागबन्डाको हिसाबले बनेको हो,' उनले भने, भागबन्डामा सरकार बनेको हुँदा अहिलेसम्म खासै काम पनि गर्न सकेको छैन। त्यहीकारण मैले सुरुमै सरकारबाट केही अपेक्षा गर्न सकिँदैन भनेको थिएँ।'

सरकार नैतिक संकटमा नरहोस् भनेर एमालेले पनि सदनमा विश्वासको मत दिएको जनाउँदै उनले भने, त्यसका बाबजुद पनि यो सरकार दबाबमा काम गरिरहेको छ। योजनाको भागबन्डामा मात्र केन्द्रित छ।' प्रदेशका जनता शीतलहरबाट पीडित हुँदासमेत सरकारले केही प्याकेज ल्याउन नसकेको पूर्वमुख्यमन्त्री यादवले बताए। विकाश निर्माण र सुशासन कार्यान्वयनको सवालमा पनि सरकार निकै पछाडि परेको उनको भनाइ छ। प्रदेशका मुख्य समस्या कृषि संकट, स्वास्थ्य सेवाको पहुँच, रोजगारी र सार्वजनिक सेवाको गुणस्तरमा सरकार मौन देखिएको उनको विश्लेषण छ। उनका अनुसार मन्त्रिपरिषद् विस्तार र शक्ति बाँडफाँटमै सरकारको ध्यान केन्द्रित हुँदा आम नागरिकका सवाल ओझेलमा परेका छन्।

प्रदेश सरकारका प्रवक्ता एवं स्वास्थ्यमन्त्री जंगीलाल यादव भने सरकार योजनावद्ध ढंगले अगाडि बढिरहेको दाबी गर्छन्। प्रदेश सरकारले विभिन्न तीन वटा समिति बनाएको जानकारी दिँदै उनले प्रदेशमा उत्पन्न समस्या हल गर्न ती समिति क्रियाशील हुने बताए। विकास निर्माणका योजनाहरू टेण्डरमा लैजाने काम सुरु भएको मन्त्री यादवको भनाइ छ। टेन्डर प्रक्रिया अघि बढेर भुक्तानी सुरु भएसँगै बजेट खर्चको प्रतिशत बढ्ने उनले बताए। मन्त्रिपरिषदले पूर्णता पाएको धेरै नभएकाले अहिले अपेक्षाकृत काम गर्न नसकिएको उनको भनाइ छ।

## गोलबजारमा वडा...

सुत्केरी स्याहार विदामा रहेको र संगीता तालिममा रहेकाले समस्या भएको बताए। स्वास्थ्य शाखा प्रमुख कर्णले दुई जनामात्र कर्मचारी भएकाले विदा र नियमित खोपजस्ता कार्यक्रममा चौकी प्रभावित हुँदै आएको स्वीकार गरे। उनले भने, दुई जनामात्र स्वास्थ्यकर्मी कार्यरत भएकाले खोप, भैपरी आउने विदामा कार्यालय सहयोगीले चौकी खोलेर बस्ने गरेको छ। हामीसँग पर्याप्त जनशक्ति छैन। तरपनि त्यहाँ थप जनशक्ति पठाउने सल्लाह भएको छ। भोलीबाटै जान्छ।'

# उदयपुरमा जंगली हात्तीको आतंकः सात दिनमा १५ घरपरिवारको बिचल्ली

**महेश्वर चामलिङ राई**

उदयपुर, २८ पुस। झण्डै एक महिनाअघि उदयपुर प्रवेश गरेको जङ्गली हात्तीको समूहले पछिल्लो सात दिनमा १५ घरपरिवारको आठ लाख रुपैयाँभन्दा बढीको धनमाल नष्ट गरेको छ। पुस २२ देखि २८ गतेसम्म हात्तीले विभिन्न बस्तीमा घर–टहरा भत्काउनुका साथै अन्नबाली खाएर ठूलो क्षति पुर्‍याएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ।





प्रहरीका अनुसार बेलका नगरपालिका–२ का विभिन्न स्थानमा जङ्गलबाट छिरेको हात्तीको समूहले स्थानीयका घर, भान्साघर, गोठ तथा खेतबाली नष्ट गर्दै करिब ८ लाख ६ हजार ५ सय रुपैयाँ बराबरको क्षति गरेको हो। पुस २२ गते राति शान्तिनगर टोलमा गेतुकुमार राईले सञ्चालन गरेको जिके कृषि तथा पशुफार्म र खेतबारीमा लगाइएको अन्नबाली नष्ट हुँदा करिब ५० हजार रुपैयाँ बराबरको क्षति भएको थियो। भोलिपल्ट गिद्धेरी टोलका जयरानी लिम्बूको कच्ची घर भत्काएर अन्नपात र एक बोरा युरिया मल खाँदा पनि करिब ५० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ।

सोही वडाकी संगीता माङको कच्ची घर भत्किँदा १० हजार रुपैयाँ बराबरको क्षति भएको छ भने सुतिरहेकै अवस्थामा उनकी ७७ वर्षीया आमा फुलमाया तामाङलाई हात्तीले सुँडले तानेर फाल्दा गम्भीर घाइते भएकी छिन्। उनलाई तत्काल उद्धार गरी बेलका नगर अस्पताल रामपुरमा उपचार गरिएपछि डिस्चार्ज गरिएको छ। यसै क्रममा सोमबहादुर लिम्बू, सुस्मिता लिम्बू, पदम राई, मनोज सदा, देवनारायण चौधरी, ज्ञानबहादुर बस्नेत, मुना पराजुली, कुमार थापा, सार्कीमान विश्वकर्मा र भुवन राईलगायतका घर, गोठ र खेतबालीमा समेत क्षति पुगेको प्रहरीले जनाएको छ सबैभन्दा ठूलो क्षति कुमार थापाको गाई फार्मको गोठ भत्काएर भित्र रहेको अन्नपात खाँदा करिब २ लाख रुपैयाँ बराबरको भएको छ।

पुस २६ गते राति बानडाँडास्थित सप्तकोशी सामुदायिक वन उपभोक्ता समूहअन्तर्गतको बहुसांस्कृतिक साकेला पार्कको तारजाली कुल्चिँदा १ लाख रुपैयाँ बराबरको क्षति पुगेको छ भने राजेश यादवको आलु बाली उखेलेर करिब १ लाख ५० हजार रुपैयाँ बराबरको नोक्सानी भएको छ। हात्तीको निरन्तर आतंकपछि स्थानीयले खबर गरेपछि सब–डिभिजन वन कार्यालय मैनामैनी, इलाका प्रहरी कार्यालय रामपुर, रामपुर बेस क्याम्प मैनामैनी र बेलका नगरपालिकाको संयुक्त प्रयासमा हात्तीलाई जङ्गलतर्फ लखेटिएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी डिएसपी केदारमान दोङका अनुसार यसअघि जिल्लाको मध्य र पश्चिमी क्षेत्रमा दुःख दिएको जङ्गली हात्तीले अहिले पूर्वी क्षेत्रमा आतंक मच्चाइरहेको छ। पछिल्लो एक महिनायता विभिन्न बस्तीमा हात्ती प्रवेश गरिरहेकाले स्थानीयलाई सतर्क रहन प्रहरीले आग्रह गरेको छ।

# १०५ वर्षिया हदिसा खातुन नागरिक्ता विहिन, राज्यको सेवासुविधाबाट बञ्चित



**राहुल राय**

सिरहा, २८ पुस। सिरहाको गोलबजार नगरपालिकाका सय वर्ष पारगरेका एकल महिला नागरिक्ता विहिन हुँदा सरकारी सेवा सुविधाबाट बञ्चित भएका छन्। गोलबजार नगरपालिका ११ बलकावाका १०५ वर्षिय हदिसा खातुन नागरिक्ता नहुँदा सरकारी सेवासुविधाबाट बञ्चित भएका हुन्। चारपुस्ता एकै ठाउँ : गोलबजार नगरपालिका ११ बलकावाका १०५ वर्षिय हदिसा खातुन, उनकी छोरी ७० वर्षिय सकिना, नातिनी ३५ वर्षिय समिना खातुनको साथमा नातीनिको छोरा।

आफ्ना छोरा नभएकाले छोरीपट्टीका नातिनी ३५ वर्षिय समिना खातुनसँग गोलबजार नगरपालिका ४ स्थित जनता माध्यमिक विद्यालय नजीक बस्दै आएका छन्। उनले भने, मेरा आफ्नै दाजुभाई पनि छैनन्, बुबाको मृत्यु भईसकेको छ। मामा पनि हुनुहुन्न। त्यसैले मेरो आमा ७० वर्षिय सकिना खातुन र हजुरआमा १०५ वर्षिय हदिशा खातुनलाई मैले नै राखेको छु।' हजुरबुवाको मृत्यु भएको ६ दशक बढी भईसकेको उनले बताए छ। उनले भने, हजुरआमाको नागरिक्ता नभएकै कारण सरकारले दिने सामाजिक सुरक्षा भत्ता, जेष्ठ नागरिकलाई दिने स्वास्थ्य विमाजस्ता सुविधाबाट बञ्चित हुनु परेको छ।'

नागरिक्ता बनाउन धेरै पटक प्रयास गरेपनि कागजपत्र जुटाउन नक्दा बन्न नसकेको हदिशाकी छोरी ७० वर्षिय सकिनाले बताइन्। उनले भने, मैले धेरै प्रयास गरेर विवाहित नागरिक्ता बनाए। आमाको नागरिक्ता भने अझै वनाउन सकिएको छैन। नागरिक्ता नहुँदा बुढेसकालमा धेरै दुःख भोल्नु परेको छ।' धनुषाको शहिद नगर नगरपालिका ३ यदुकाहाकाबाट ६ दशक अघि गोलबजार ११ बलाकावा आएका साहिदा नागरिक नै नवनी मर्ने हो भन्ने चिन्तामा छन्। उनी भन्छन्, श्रीमान छँदासम्म नागरिक्ताको खाँचो भएन, अहिले बुढेसकालमा नागरिक्ता चाहिने रहेछ बनाउनै सकिएको छैन। नागरिक्ता नहुँदा सरकारी सेवा सुविधाबाट बञ्चित त भएकै छु। कहिलेकाही नागरिक नै नभई मर्ने भएँ जस्तो लाग्छ।'

उमेका कारण कान कम सुन्ने उनी सौतेनी पट्टीका छोराहरु भएपनि उनीहरुले नागरिक्ता बनाउन असहयोग गरेको बताए। उनले भने, अव मर्ने बेला भईसक्यो कति नागरिक्ता भनेर दौडिनु जस्तो लाग्छ। खान बस्न त नातिनीले दिएकी छिन्, अव उनलाई नागरिक्ता बनाईदे भनेर के दुःखदिनु भनेर चुप लागेर बसेको छु।'

# सिरहाको कल्याणपुर न.पा.का तत्कालीन मेयर साह भ्रष्टाचार मुद्दामा दोषी ठहर



**रघुवीर यादव**

सिरहा, २८ पुस। सिरहाको कल्याणपुर नगरपालिकाका तत्कालीन मेयर रामपुकार साहलाई विशेष अदालतले भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ। सोमबार न्यायाधीश सुदर्शनदेव भट्ट, हेमन्त रावल र उमेश कोइरालाको संयुक्त इजलासले भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार फैसला गरेको अदालतका प्रवक्ता कृष्णशरण लामिछानेले जानकारी दिनुभयो। अदालतले साहलाई एक लाख रुपैयाँ जरिवाना र ६ महिना कैद सजाय सुनाएको छ। साहलाई गएको असार ३२ गते कल्याणपुर–६ मा नाला निर्माण योजनाको भुक्तानी चेक दिने क्रममा उपभोक्ता समितिका प्रतिनिधिबाट एक लाख रुपैयाँ घुस लिँदै गरेको अवस्थामा अख्तियार दुरुपयोग अनुसन्धान आयागेले पक्राउ गरेको थियो। यसै प्रकरणमा उजुरीकर्तासमेत रहेकी उपभोक्ता समितिकी अध्यक्ष जसोधा कुमारीले भने अदालतबाट सफाइ मिलेको छ।

# जनकपुरधामका पवित्र पोखरीहरू अतिक्रमणको चपेटामा, सरोकारवालाको बेवास्ता



धनुषा, २८ पुस। प्राचीन मिथिला र वर्तमान मधेश प्रदेशको राजधानी जनकपुरधाम मिथिला सभ्यताको केन्द्रबिन्दु मानिँदै आएको छ। धार्मिक आस्था, श्रद्धा र विश्वासले भरिपूर्ण पोखरीहरूमा पवित्र स्नान र मठ मन्दिरमा पूजा दर्शनका लागि बर्षेनि लाखौं धार्मिक पर्यटक जनकपुर आउने गर्छन्। तर, सरोकारवालाको मौनता र स्थानीयको बेवास्ताका कारण धार्मिक ग्रन्थमा चर्चा गरिएका केही पोखरी लोप भइसकेका छन् भने केही संरक्षणको अभावमा दुषित र अतिक्रमणको चपेटामा परेका छन् ।

यो जनकपुरधामको मुटुमै रहेको राम सागर हो। स्थानीयको लापरबाहीका कारण यो पवित्र सरोवर अहिले दुषित भएको छ। संघीय सहरी विकास तथा भवन निर्माण इकाई कार्यालयको ४० लाख रूपैयाँको सहयोगमा दुई वर्षअघि निर्माण गरिएको ४० मिटर लामो घाट अहिले गाई गोठ बनेको छ। जथाभावी फालिने फोहोरले दुषित त भएको छ नै काँस पटेर उम्रेर पोखरी पुर्न थालेको छ।

धार्मिक ग्रन्थमा वर्णन गरिए अनुसार यस पवित्र पोखरीको यस्तो घीनलाग्दो अवस्था रहे पनि घाट निर्माणका बेला तामझाम सहित लगाएको शिलालेख भने यथावत छ। राम युवा कमिटीद्वारा संरक्षित र जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहद्वारा २०७९ पुस २० गते शिलान्यास भएको लेखिएको यस शिलामा कमिटीका तात्कालीन अध्यक्षलगायत अन्य १७ जना कार्यसमितिको नाम पनि उल्लेख छ ।

यस राम सागरमा कुनै बैला श्रद्धालुहरू स्नान त गर्थेनै यसको पवित्र जलले छेउमै रहेको प्राचीन राम मन्दिरमा भोग प्रसाद बनाउने चलन थियो। तर, श्रद्धा, आस्था र विश्वासले भरिपूर्ण यस सागरको अवस्था बिग्रदो छ। राम सागरदेखि ५ सय मिटर दक्षिण, प्रदेश प्रहरी कार्यालयदेखि पुर्व र मुरली चौकदेखि उत्तरतर्फ रहेको मुरली सर पोखरी पनि अतिक्रमण हुनुका साथै दुषित भएको छ। मत्स्य पालनका लागि वार्षिक २ लाखमा गुठी संस्थानले ठेक्का लगाए पनि प्लास्टिक लगायत फालिएको फोहोरले अहिले पोखरी दुर्गन्धित भएको छ।

मुरली सरभन्दा दुई सय मिटर पुर्वमा जिल्ला प्रशासन र जिल्ला प्रहरी कार्यालयको छेउमै रहेको विषहरा पोखरीको संरक्षणमा बल्ल स्थानीयले अग्रसरता लिएका छन्। केही महिना अघिसम्म जल कुम्भीले भरिएको र फोहोर फाल्ने थलोको रुपमा विकसित हुँदै गएको यस पोखरीको डिलमा अहिले बाँसको घेराबेरा लगाउनेदेखि सौन्दर्यीयकरणको काम सुरु भएको छ। विषहरा पोखरीमा हुने मत्स्य पालनको ठेक्काको रकम पनि संरक्षणमा खर्चिनुको साटो गुठी संस्थानको केन्द्रीय कार्यालय काठमाडौंमा जाने गरेको छ।

जनकपुरधामको धार्मिक र सांस्कृतिक महत्त्वका पोखरीहरूको संरक्षणको प्रयास भने नगरिएको पक्कै पनि होइन। आर्थिक वर्ष २०७/०७३ माबृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तात्कालीन अध्यक्ष रामकुमार शर्माको नेतृत्व र सरोकारवालाहरुको सहयोगमा अतिक्रमित पोखरीहरूलाई अतिक्रमणमुक्त गराउने प्रयास भएको थियो।

गंगासागर, धनुष सागर, अंगराज सर, दशरथ तलाउ, गोरधोई लगायतका पोखरीहरूको जल संरक्षणका लागि युवाहरू नियमित सरसफाई गर्दै आएका छन्। बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्ले २०६२ सालमा गरेको एक अध्ययन अनुसार जनक सरोवर, अमृतकुण्ड, गोपालसर, यसस्विनी सर र बलदेव सर लुप्त भइसकेको छ। अहिले सबैको सामुने त्यहाँ ठुला महलहरू ठड्याउने काम भए पनि कुनै खोजी नीति छैन्।

# सिरहाबाट खैरौ हेरोइनसहित २२ वर्षीय युवक पक्राउ



**मणिलाल विश्वकर्मा**

लहान, २८ पुस। सिरहाको दक्षिणी सीमावर्ती नवराजपुर गाउँपालिका– ५ बाट प्रहरीले भारत हुँदै नेपालतर्फ आउने क्रममा ज्याकेटमा लुकाएर ल्याएको खैरो हेरोइनजस्तो पदार्थसहित एक युवकलाई पक्राउ गरेको छ। सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका–२, सोठियाइन गाउँका करिब २२ वर्षीय श्रवणकुमार कामैतलाई शनिबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ। सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार कामैतले ज्याकेटको खल्तीमा लुकाएर स्टिलको बट्टामा ल्याएको बट्टाबाहेक ३९.९० ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बरामद भएको हो।

इलाका प्रहरी कार्यालय महेशपुरपतार र सीमावर्ती झाँझपट्टी प्रहरीबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा प्र.२–०१–००२ प १६०८ नम्बरको मोटरसाइकल चढेका कामैतलाई रोकेर खानतलासी गर्दा उक्त पदार्थ बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार उनलाई महशपुरपतार प्रहरीमा राखेर थप अनुसन्धान भइरहेको छ। त्यसअघि गोलबजार क्षेत्रबाट चार दिनअघि प्रहरीले ८.२६० ग्राम खैरो हेरोइनजस्तो देखिने पदार्थ बिक्री–वितरण गरिरहेको अवस्थामा ६ युवकलाई पक्राउ गरेको थियो। पछिल्लो समय प्रहरीले लागुऔषध ओसारपोसारमा कडा निगरानी गर्न थालेपछि धमाधाम कारोबारीहरू पक्राउ पर्न थालेका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)